

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 05 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७७


## किसानहरू बीउ छर्न व्यस्त

प्रस, सेढवा, २१ जेठ/

वर्षा रोकिएर घाम लागेपछि किसानहरू धानखेतीको लागि बीउ छर्न व्यस्त भएका छन् । जेठको अन्तिमतिर धानको बीउ छर्न किसानहरू अहिले व्यस्त भएका हुन् ।

भदै, मन्सुली, सोना मन्सुली, मोटरी मन्सुलीलगायतका धानको बीउ किसानहरू छरिरहेका छन्। जीराभवानी गाउँपालिका, जगरनाथपुर, सखुवाप्रसौनी, पटेर्वासुगौली, धोबिनी, छिपहरमाईलगायतका गापामा ब्याड बनाउने काममा किसानहरू लागिपरेका छन् ।



खेत सम्याउँदै किसानहरू । तस्वीरः प्रतीक

यसअघि, निरन्तरको वर्षाले खेतमा पानी जमेपछि किसानहरूले बीउ छर्न पाएका थिएनन् ।

जीराभवानी गापा–२ सेढवा निवासी गौतम गौरोले पानी सुकेसँगै खेतमा रहेको खरपात गोडमेल गरेको र ब्याड तयारीमा लागेको बताए। उनले यसपटक पनि गत वर्षझैं मौसम परिवर्तन भइरहेकाले कुन बेला पानी पर्ने र घाम लाग्ने ठेगान नहुँदा खेतमा हतारहतार काम गर्न लागेको बताए ।

जगरनाथपुर गापा–३ का किसान महेन्द्र यादवले माटो केही मात्रामा सुकेको कारण अहिले बीउ छर्न लागेको र पुनः वर्षा भएको खण्डमा बीउ छर्न समस्या हुने बताए। उनले मौसम परिवर्तनको कारण अन्य कामकाज छाडेर धानको बीउ छर्न किसानहरू लागिपरेको बताए। जीराभवानी गापाका अर्का किसान आकाश यादवले खेत जोताइको काम छाडेर ब्याड बनाउन लागेको बताए । उनले ब्याड तयारी गरी बीउ छरेपछि मात्र खेत जोताइलाई अगाडि बढाउने बताए ।

## सिम्रौनगढ नगर अस्पतालको उद्घाटन

प्रस, सिम्रौनगढ, २१ जेठ/

सिम्रौनगढ नगरपालिकामा निर्मित नगर अस्पतालको नगरप्रमुख विजयशङ्कर यादवले उद्घाटन गरेका छन् ।

उद्घाटन गर्दै प्रत्येक स्थानीय निकायमा एउटा अस्पताल अनिवार्य हुनुपर्ने सरकारी नीति भएपनि सिम्रौनगढमा अस्पताल निर्माणको लागि पटक–पटक माग गर्दा पनि सरकारी उदासीनता देखिएको उनले आरोप लगाए। उनले नगरवासीको हितमा नगरपालिकाले आन्तरिक स्रोतबाट नगर अस्पताल सञ्चालनमा ल्याएको बताए। उनले अहिले कोरोना महामारीको बेलामा नगरवासीले अस्पतालबाट सहज सेवा पाउने दाबी गरे ।

नगर अस्पतालमा पोषण कार्यक्रम, परिवार नियोजन र क्षयरोगी तथा कुष्ठरोगीको पनि उपचार हुने उनले जानकारी गराए । अस्पतालले २४सैं घण्टा सेवा दिने र सर्पदंशको उपचार तथा एम्बुलेन्स सेवाको पनि व्यवस्था मिलाउने उनले प्रतिबद्धता जाहेर गरे ।

प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसादले सिम्रौनगढ नपाले स्वास्थ्य क्षेत्रमा अहम् भूमिका निर्वाह गरेको दाबी गरे । उनले नगरवासीको स्वास्थ्यको ख्यालमा नगरपालिका सदैव गम्भीर रहेको बताए। उनले तत्काल १५ शय्याको अस्पतालमा १० वटा सामान्य तथा ५ वटा स्पेशल मोनेटरिङ शय्या सञ्चालन गरिने जानकारी गराए ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नगरप्रमुख विजयशङ्कर यादव । तस्वीरः प्रतीक

उद्घाटन कार्यक्रममा वडाध्यक्ष सुमित जैसवाल, मन्जुर मियाँ, खुशीलालप्रसाद कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए । वडाध्यक्ष रमेश कुशवाहाको अध्यक्षतामा भएको उद्घाटन समारोहमा स्वागत अस्पतालका प्रमुख डा जीतेन्द्र यादवले र सञ्चालन मडु यादवले गरेका थिए । रु ९५ लाखको लागतमा १२ कोठे नगर अस्पताल निर्माण सम्पन्न भएको जानकारी गराइएको थियो।

## महतो उपप्रधानमन्त्री, विमल श्रीवास्तव श्रममन्त्री



प्रस, काठमाडौं, २१ जेठ/

जनता समाजवादी पार्टी (जसपा)बाट आठजना मन्त्री र दुईजना राज्यमन्त्री भएका छन् ।

जसपाका नेता केशव झाका अनुसार शुक्रवार मन्त्रीहरूले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र जसपा अध्यक्ष महन्थ ठाकुरबीच शुक्रवार दिउँसो बालुवाटारमा भएको छलफलमा उपप्रधानसहित आठजना मन्त्री र दुईजना राज्यमन्त्री जसपाबाट मन्त्रिपरिषद्मा समेट्ने सहमति भएको थियो ।

जसपा नेता राजेन्द्र महतो उपप्रधानसहित शहरी विकासमन्त्री, शरतसिंह भण्डारी ऊर्जा, जलस्रोत तथा सिंचाइ, अनिल झा खानेपानी तथा सरसफाइ, लक्ष्मणलाल कर्ण भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, विमल श्रीवास्तव श्रम, रोजगार तथा सामाजिक सुरक्षा, उमाशङ्कर अरगरिया वन तथा वातावरण, चन्दा चौधरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, एकबाल मियाँ युवा तथा खेलकूदमन्त्री भएका छन् ।

यस्तै, राज्यमन्त्रीमा चन्द्रकान्त चौधरी ऊर्जा र रेणुका गुरुङ महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनेको नेता इकबाल मियाँले जानकारी दिए ।

## नेपाल–भारतका सुरक्षाकर्मीद्वारा सचेतना कार्यक्रम

प्रस, वीरगंज, २१ जेठ/

नेपालको सशस्त्र प्रहरी र भारतको सीमा सुरक्षा बल (एसएसबी)को संयुक्त टोलीले बाराका सीमा क्षेत्रमा जनचेतना कार्यक्रम गर्दै मास्क वितरण गरेको छ। बढ्दो कोरोना सङ्क्रमण न्यूनीकरण गर्ने उद्देश्यले सीमानाकामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।

कबहीगोठ बिओपीको पिलर नं ३७७ स्थित चन्द्रमान र सनफुलवामा बिओपी प्रमुख सशस्त्र प्रहरी निरीक्षक अमृत दुलाल र भारतीय एसएसबीका सहायक कमान्डर असल श्रीवास्तवको संयुक्त नेतृत्वमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा दुवै देशका सीमा पिलरनजीकका स्थानीयहरूलाई सुरक्षाकर्मीहरूले मास्क वितरण गरी कोभिडबाट बच्ने उपायहरू अवलम्बन गर्न सुझाव दिएका थिए ।

त्यसैगरी, कोभिड महामारीले दुवै देशका विद्यालयहरू बन्द रहेकाले बालबालिकाहरूको पठनपाठनमा समस्या उत्पन्न भएमा दुवै देशका सुरक्षाकर्मीले बिहान एक घण्टा अध्यापन गराउने निर्णय भएको १२ नम्बर गणका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक सञ्जीव पाण्डेले बताए ।



सचेतना कार्यक्रममा दुई देशका नागरिक र सुरक्षाकर्मी । तस्वीरः सौजन्य

## दुई धुर जमीनको विवादमा रामको हत्या

प्रस, रक्सौल, २१ जेठ/

भारत, मोतीहारी जिल्लाको कल्याणपुर थाना क्षेत्रको दीक्षित पकडी गाउँमा दुई धुर जमीनको लागि एकजनाको हत्या भएको छ ।

दुई धुर जमीन विवादमा सो गाउँका वासुदेव रामले मुखलाल राम र उनका परिवारलाई कुटपिट गरेका थिए । कुटपिटपछि रामले बन्चरो प्रहार गरी मुखलाल रामको हत्या गरेका थिए । घटनामा मुखलालकी पत्नी अतवारिया देवीलगायत दुईजना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले शव शल्यपरीक्षणको लागि अस्पताल पठाएको छ भने वासुदेव रामको खोजी गरिरहेको जनाएको छ ।

## छोटकरी

### ९ जना सङ्क्रमित

प्रस, वीरगंज, २१ जेठ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले शुक्रवार साँझ ९ जना सङ्क्रमित थप पुष्टि भएको जनाएको छ।

अस्पतालका कोभिड फोकल पर्सन डा सरोजरोशन दासले ९६ जनाको स्वाब परीक्षण गर्दा ९ जना सङ्क्रमित पुष्टि भएको बताए। पर्साका ४ जना, बाराका ३ जना, रौतहट र सर्लाहीका १/१ जना छन्। उनीहरूको उमेर २१ देखि ६८ वर्ष छ र सिटी भ्याल्यू २०.८ देखि ३२.१ सम्म छ ।

बिहीवार सङ्क्रमणबाट ६ जनाको मृत्यु भयो भने शुक्रवार कसैको पनि मृत्यु भएको छैन ।


हार्दिक श्रद्धाञ्जलि



जन्मः मार्च ३०, १९३६

स्वर्गारोहणः मे २३, २०२१

स्व. सावित्रीदेवी अधिकारी

यस दैनिकका आर्थिक स्तम्भकार विश्वराज अधिकारीकी पूजनीय माता **सावित्रीदेवी अधिकारी**को स्वर्गारोहण भएकोमा हामी स्तब्ध छौं । दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रतीक दैनिक परिवार**


## निषेधाज्ञा खुकुलो भएन भने बर्बाद हुन्छौं –व्यवसायी

प्रस, परवानीपुर, २१ जेठ/

वीरगंजका उद्योगी–व्यवसायी निषेधाज्ञा खुकुलो गर्नुपर्ने माग राख्दा स्थानीय प्रशासनले पुनः निषेधाज्ञा १० लिन लम्ब्याउँदै जेठ ३० गतेसम्म पुऱ्याएको छ ।

पर्सामा पछिल्लो समय कोरोना महामारी घट्दो अवस्थामा देखिए तापनि प्रशासनले निषेधाज्ञा थप्ने क्रम जारी राख्दा व्यवसायमा प्रतिकूल असर परिरहेको व्यवसायीहरूको भनाइ छ। बुधवार बसेको जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा वीरगंजका उद्योगी–व्यवसायीहरूले अब वीरगंज बजारलाई दिन बिराएर खोल्न सुझाएका थिए । तर चिकित्सकहरूले नमानेपछि जिकोसव्य केन्द्रमा निषेधाज्ञालाई लम्ब्याउने निर्णय नै भएको एकजना उद्योगीले बताए ।

"अहिले वीरगंजमा सङ्क्रमण र मृत्यु दर घटिरहेको छ, नयाँ कोरोना केस पनि फाटफुट मात्र आइरहेका छन्, अस्पतालहरूले सङ्क्रमितको उपचार राम्रोसँग गरिरहेका छन्, अक्सिजनको अभाव पनि छैन," उनले भने, "एक महीनादेखि बजार तथा यातायात बन्द हुँदा उपभोग्य सामान तथा अन्य सामानको आपूर्तिको क्रम टुटेको छ, यसलाई बिस्तारै माथि उठाउनुपर्छ ।" उनले लामो अवधिसम्म व्यापार बन्द भयो भने कोरोनाको डरले मरिन्छ कि मरिंदैन थाहा छैन तर व्यापार चाहिं अवश्य नै बर्बाद हुने बताए। अहिले अत्यावश्यकीय वस्तु किनमेलको लागि प्रहरीले बिहान ६ देखि १० बजेसम्मको समय तोकेको छ। पहिले बिहान ६ देखि ८ बजेसम्म मात्र समय तोकिएको थियो ।

यस विषयमा पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले आफूले पनि निषेधाज्ञालाई खुकुलो पारेर जाने इच्छा सुनाएको तर बैठकले अझै एक हप्ता कडाइको निषेधाज्ञा लागू गर्ने निर्णय गरेपछि निषेधाज्ञा थपिएको स्पष्ट पारे। अहिले दैनिकरूपमा पर्सामा १० जनाभन्दा कम नयाँ सङ्क्रमित थपिएका छन् भने २४ घण्टामा मृत्युदर पनि घटेको छ । अस्पतालमा भेन्टिलेटरमा उपचाररत सङ्क्रमितहरूको मात्र मृत्यु हुने गरेको छ।

पर्सामा हाल १४७ जना वीरगंजका करीब आधा दर्जन अस्पतालका आइसोलेशनमा उपचाररत छन् भने पर्सामा २९६२ जना होम आइसोलेशनमा छन् । प्रदेश २ मा १० हजार ३ सय सक्रिय सङ्क्रमित छन् भने कोरोनाको दुवै लहर गरी प्रदेशभरि पर्सामा १२०, बारामा १५१, रौतहटमा ११७, सप्तरीमा १२७ गरी कुल ७२१ जनाको प्रदेश मृत्यु भइसकेको छ । लामो समयको निषेधाज्ञाले उद्योगी–व्यवसायीलाई उधारो, बैंकको ब्याज, कर्मचारीको तलब तिर्नुपर्ने चिन्ता छ भने उत्पादित सामान बिक्री नहुँदा खराब हुने जस्ता समस्याले पिरोलिएको छ ।

## विचारसार र सूक्तिहरू

**त्यो दिन बेकार भयो, जुन दिन तिम्रो हातबाट कुनै सेवाकार्य हुन सकेन ।**

**– एनन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# उत्पादन र निर्माणमा जुटौं

**मुलुकमा जिल्लागतरूपमा लकडाउन तथा निषेधाज्ञा शुरू भएको एक महीना बितिसकेको छ । जहाँ सावधानीविना मानिसको बाक्लो उपस्थिति रहन्छ, त्यहाँ कोरोना सङ्क्रमणको सम्भावना बढी हुन्छ । त्यसैगरी खुला हावा र प्रकाश छिर्ने स्थानभन्दा बन्द कक्षमा भाइरसको खतरा बढी देखियो । बन्द कोठामा १० मिटर परसम्म पनि भाइसर सङ्क्रमण पुष्टि भएको छ भने खुला हावा चल्ने स्थानमा दुई मिटरको दूरी पर्याप्त छ । त्यसैगरी, प्रकाश नछिर्ने बन्द कोठामा अन्यत्रभन्दा भाइरस बढी समय जीवित रहने बताइएको छ । कोठा मात्र होइन, शहरका कतिपय गल्ली सडकमा समेत हावा र प्रकाश पुग्दैन । मानिसको बाक्लो उपस्थिति त्यहीं हुन्छ । तरकारी बजारदेखि शौचालय सार्वजनिकरूपमा प्रयोग गर्नुपर्ने अवस्था छ ।**

**फरक–फरक स्थानबाट आउने, धेरैजना मजदूर काम गर्ने उद्योग–कलकारखाना, धेरैजना कर्मचारीले एकैपटक काम गर्नुपर्ने कार्यालयहरू, व्यापारिकस्थल साथै धेरैजना सेवाग्राही एकैपटक जमघट हुने सेवाप्रदायक कार्यालयहरू सङ्क्रमणको उच्च खतरा हुने स्थलहरू हुन् । त्यस्ता स्थलमा मानिसको बाक्लो उपस्थिति हुने, प्राकृतिक हावा बहने वा प्रकाश छिर्ने स्थलहरू कम हुने हुँदा श्वासप्रश्वासकै माध्यमबाट सङ्क्रमण फैलन सक्छ । त्यसैगरी बन्द कक्ष, धेरैले प्रयोग गर्ने शौचालय, पानीको स्रोत, ढोकाको हैन्डिल, धेरैजनाको पहुँच हुने कुर्सी, टेबल, रेलिङ, सार्वजनिक सवारीसाधन पनि सङ्क्रमणका वाहक हुन् । जुन क्षेत्र यी सब पक्षबाट मुक्त छ, त्यहाँ सङ्क्रमणको सम्भावना अति न्यून छ । हाम्रो मुलुकमा लकडाउन र निषेध गर्नै नपर्ने यस्ता क्षेत्र प्रशस्त छन् । कृषि उत्पादनका कुनै पनि क्षेत्रमा सङ्क्रमणको जोखिम छैन । कृषि औजार चलाउनेहरू कम्तीमा पनि दुई मिटर फरकमा बसेका हुन्छन् । एउटाले चलाएको फरुवा, हँसिया वा बन्चरो, खुकुरीले अर्कोलाई बाधा नपरोस् भन्नका लागि पनि कृषि कर्म गर्दा दूरी कायम गरेर बसिन्छ । कृषि उपकरण चलाउँदा भीड हुने अवस्था नै आउँदैन । खुला खेतमा काम गरिने हुँदा प्राकृतिक हावा र प्रकाश प्रशस्त पुगेको हुन्छ । आफ्नै बारीको हरियो तरकारी र ताजा अन्नले रोग प्रतिरोधात्मक क्षमताको विकास पनि भइरहेको हुन्छ । सामान्य स्वास्थ्य मापदण्ड पालना गर्न सक्यौं भने पनि कृषि कर्म गर्नेलाई सङ्क्रमणले छुन सक्दैन ।**

**हुनत गाउँघरमा पनि सङ्क्रमित फेला परेका छन्, तर त्यो बाहिरबाट आउनेहरूले लिएर गएका हुन् । अन्यत्रबाट आएकाहरूबाट हुन सक्ने खतरा र क्वारेन्टाइनबारे कडाइ गर्ने हो भने कृषक बहुल क्षेत्रमा भाइरस सङ्क्रमण हुन सक्दैन । यसैगरी, सडक, पुल एवं भौतिक पूर्वाधार निर्माणका क्षेत्रहरू सञ्चालन गरिनुपर्छ । स्थानीय क्षेत्रमा श्रम परिचालन गरेर सञ्चालन गर्न सकिने योजनाहरू सञ्चालनको लागि बढावा दिनुपर्छ । लकडाउनको समयमा कृषि उत्पादन र भौतिक निर्माणको काम गर्न झन् सहज हुन्छ । हुनत बितेको वर्ष महीनौं लकडाउन हुँदा सुतेर बसेका पालिकाहरू लकडाउन खुलेलगत्तै यात्रुलाई अवरोध गर्दै सडक मरम्मतसम्भारमा जुटेका थिए । 'फुर्सदमा गर्दा सबैको नजर पुग्ने भएकोले राम्रो गर्नुपर्छ, हतारमा गरेर लतार्न पाइन्छ' भन्ने मानसिकताले यसो भएको हो । बजेट र जनशक्ति कृषिमा परिचालन गरौं । मरम्मत एवं निर्माणका क्षेत्र चालू राखौं । कोरोनाले दिएको घाउमा मलहमपट्टी हुनेछ ।**

# पर्यावरण संरक्षणको नामममा ब्रह्मलुट

सरोकार



राजेश मिश्र

**पर्यावरण जोगाउन वृक्षरोपण पहिलो र ठोस दायित्व हो । एक सयवटा बिरुवा रोप्दा ६० प्रतिशत बाँच्नुपर्छ भन्ने प्राविधिक मापदण्ड छ । पालिकाहरूले बर्सेनि बिरुवा रोप्ने तर हेरालुको व्यवस्था नगर्दा नष्ट भइरहेका छन् ।**

'गाछी के जर में ना लाएट बार, लौकत हइले नइखे, टाँङ्गी हेने से होने चल जाता ।' पर्यावरणमा आघात पुऱ्याउने पात्रहरू रातिको समय एकले रूखको जरामा प्रकाश देखाउने र अर्कोले बन्चरो हान्ने प्रवृत्ति छताछुल्ल थियो । अन्ततः चोरी कटानीका कारण पर्सादेखि रौतहटसम्मको नहरका डिलहरू हरियालीविहीन भयो । यो झन्डै दुई दशकअघिको गण्डक नहरको कथा र व्यथा हो । गण्डक नहर र त्यसका शाखा, उपशाखा नहरका डिलमा सिसौंका रूख झाङ्गिएका थिए । ती रूखहरू पर्यावरणमैत्री मात्र थिएनन्, नहरको डिलको शक्ति र यात्रुहरूलाई छहारी पनि प्रदान गर्दथे ।



सुदीप गौतम



ललन द्विवेदी



अनुप तिवारी



भगवानदास तत्वा

आज जून ५ तारिख अर्थात् विश्व पर्यावरण दिवस हो । यो दिवस मनाउनुको मुख्य उद्देश्य मानिसमा पर्यावरण संरक्षणप्रति जागरूकता प्रवाह गर्नु हो । सन् १९७२ मा संयुक्तराष्ट्र महासभाद्वारा आयोजित पर्यावरण सम्मेलनपश्चात् यो विषय चर्चामा आएको थियो । यद्यपि ६ जून १९७४ देखि पूर्णरूपेण लागू भयो । प्रत्येक वर्ष नयाँ थिमका साथ पर्यावरण दिवस संसारभर मनाइन्छ । यस वर्ष अर्थात् सन् २०२१ को थिम हो– 'Ecosystem Restoration' (अर्थात् 'पर्यावरणको पुनः संरक्षण ।'

पर्यावरणाको सुरक्षा र अपरिहार्यताको सवालमा वर्षौंदेखि संसारका बौद्धिक व्यक्तित्वहरूले चासो र चिन्ता प्रकट गर्दै आएका छन् । जस्तै भारतीय अहिंसावादी महापुरुष महात्मा गाँधी भन्थे– "पृथ्वीले मानवीय सम्पूर्ण आवश्यकता र संसाधनको पर्याप्त आपूर्ति गर्दछ, कसैको लालच पूरा गर्नको लागि कदापि होइन ।" त्यस्तै अमेरिकी लेखिका मार्गरेट मीड भन्थिन्– "यदि हामी पर्यावरणको नाश गर्छौं भने हामीसँग समाज पनि बाँच्दैन ।" त्यस्तै अमेरिकी प्रकृतिवादी रोजर टोरी पीटरसन भन्थे– "पक्षीहरू पर्यावरणका सङ्केत हुन्, यदि तिनीहरू खतरामा छन् भने हामी पनि चाँडै खतरामा हुनेछौं ।"

जीवन जति विलासी भएपनि शान्ति प्रकृतिको सामीप्यमा मात्र महसूस गर्न सकिन्छ । घर वरिपरि, खेत, आली, पोखरी र नहरको डिल, सार्वजनिक पर्ती आदिमा रूखबिरुवा रोप्ने प्रचलन अपवादबाहेक आज घरको छतमा सीमित हुन थालेको छ । पर्यावरणको महत्त्व सबैलाई अनुभूत छ । यद्यपि आजको व्यस्त जीवनशैलीमा अति अपरिहार्य विषय नजरअन्दाज गर्नु चिन्ताजनक कुरा हो ।

विश्वव्यापी कोरोना महाव्याधिको यस घडीमा अक्सिजनको बढ्दो माग र कालोबजारीले पर्यावरणबाट पाइने निश्शुल्क स्वस्थ जीवन र अक्सिजनको महत्त्व सबैलाई अवगत भइसकेको छ । पर्यावरणलाई क्षतिमुक्त राख्ने हो भने प्रकृति पनि त्यति नै शान्त अवस्थामा रहन्छ । पर्यावरणमा कुनै पनि प्रकारले क्षति पुऱ्याउनु भनेको पृथ्वीको अस्तित्वलाई जोखिममा पार्नु हो ।

### विगत

'बाप रे बाप ! केतना कडा घाम बा हो दादा ! चल होदे बगैंचा लौकता, तनिक देर छेंहरा के तब चलल जाई ।' गर्मीको महीनामा यस्ता शब्दहरू प्रायः सुन्न पाइन्छ । गर्मीयाममा बढ्दो तापक्रमको कारण मानिसलाई चीसो हावा र छहारीसँगै शुद्ध अक्सिजनको आवश्यकता महसूस हुन्छ । उहिले गाउँगाउँमा बगैंचा थियो । पोखरी थियो । जीवनयापनका लागि आर्थिक अवस्था अनुकूल नभए पनि पर्यावरण शुद्ध र हराभरा थियो । अर्थात् मानवजीवन प्रकृति निकट मात्र थिएन, प्रकृतिमा आश्रित थियो । त्यसैले मानिसहरू प्रकृतिलाई र प्रकृतिले मानवलाई परस्पर प्रेम गर्दथे ।

### वर्तमान

अहिले सरेहमा बालीनालीबाहेक बगैंचा, बाँसघारी र फूलबारी शून्यप्रायः छ । समयसँगै मानवीय मानसिकतामा प्रकृतिको दोहन र अप्राकृतिक संसाधनको आकर्षण बढ्न थालेपछि पर्यावरण खतरामा छ । विश्व पर्यावरण दिवस केवल सामाजिक सञ्जालमा तस्वीर सम्प्रेषण गर्ने शोखमा सीमित हुन थालेको छ । हरेक प्रकारले आज पर्यावरण दोहन भइरहेको छ । खोला–नाला, वनजङ्गल, पहाड, तराई र हिमाल आदिको अस्तित्व आज खतरायुक्त छ ।

### कर्मकाण्डी दिवस

अहिले पर्यावरण संरक्षणको नाममा आर्थिक ब्रह्मलुट गर्ने मनोवृत्ति छताछुल्ल छ । स्थानीय तहहरूको सरोकार देखावटीपनभन्दा माथि उठेको पाइँदैन । जस्तै विश्व पर्यावरण दिवसको अवसरमा केही थान वृक्षारोपण, फोटो सेसन, सामाजिक सञ्जालमा फोटो सम्प्रेषण र समाचार प्रकाशनमा सीमित छ । वृक्षारोपण न्यून र अदृश्य भ्रष्टाचार उच्च छ । पर्यावरण संरक्षणमा हुने खर्चहरू अपवादबाहेक बालुवामा पानी सरह भएको छ । किनभने अहिले कुनै पनि पालिकाले आफूले गरेको वृक्षारोपणमा भएको खर्च, रोपेको सङ्ख्या र हुर्केका रूखबिरुवाको सङ्ख्या बताउन चाहिरहेका छैनन् । यसले के सिद्ध हुन्छ भने पर्यावरण दिवस केवल कर्मकाण्डमा आधारित छ । पर्यावरणको दोहनसँगै संरक्षणको नाममा आर्थिक भ्रष्टाचार मौलाइरहेको छ ।

हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असर रोक्ने कार्यमा वन तथा वातावरण मन्त्रालयदेखि प्रदेश, स्थानीय तह तथा जिल्लास्थित निकायको भूमिका सन्तोषप्रद भन्न मिल्ने आधार छैन । मुलुकको समष्टिगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभाव न्यून गर्दै पर्यावरण संरक्षण गर्ने निकाय कर्तव्यपरायण नहुन्जेल अपेक्षित परिणाम असम्भवप्रायः देखिन्छ ।

पर्यावरण संरक्षण र चासोप्रति सरकार र नागरिकको भूमिकाको सम्बन्धमा विभिन्न व्यक्तिसँग गरेको छलफलको सङ्क्षिप्त अंश प्रस्तुत छः–

**सुदीप गौतम (वातावरणविद्, रसुवागढी जलविद्युत् कम्पनी)**

पर्यावरणको संरक्षणप्रति हामी सबैको चासो नितान्त जरुरी छ । सरकारले मात्र होइन, आमजनताले पनि आआफ्नो स्तरबाट पर्यावरण संरक्षणप्रति जिम्मेवार हुनुको विकल्प छैन । नत्रभने हामीले आउने पुस्तालाई सही अवस्थामा पर्यावरण हस्तान्तरण गर्न सक्दैनौं । जिम्मेवारी बोध हुँदाहुँदै पनि विभिन्न कारणले पर्यावरणको दोहन भइरहेको छ । यो मानवको लागि मात्र होइन, समस्त प्राणीको लागि अति नोक्सानदायक क्रियाकलाप हो । यदि पर्यावरण विनाश यसै रूपमा भइरहने हो भने हाम्रो सन्तति प्राकृतिक स्रोत र साधनबाट मात्र वञ्चित हुँदैनन्, अपितु जीवन नै जोखिमयुक्त हुन सक्छ ।

वातावरण प्रदूषणाका कारण पृथ्वीको तापक्रम बढ्दै छ । वातावरणको स्वच्छताप्रति सजग नहुने हो भने आगामी पाँच/दश दशकपछि दीर्घकालीन असरको रूपमा भयावह अवस्था सृजना हुन सक्छ । पृथ्वीको तापक्रम बढ्छ, हिमाल पग्लन्छ र जनजीवन प्रभावित हुन्छ । समुद्र तटका बस्तीहरूको अस्तित्व समुद्रमा विलीन हुने सम्भावनालाई नकार्न सकिंदैन ।

मुख्य जिम्मेवारी सरकारको हो । अहिले बहु–तहको सरकारसँग ऐन तथा नियमावली छ । नागरिकसँग सबैभन्दा नजीकको स्थानीय सरकार शक्तिसम्पन्न पनि छ । वनजङ्गल कटानी, नदी–खोला उत्खनन, प्लास्टिकजन्य सामग्रीको प्रयोगलगायत पर्यावरणविरोधी गतिविधि नियन्त्रण गर्ने कानूनी प्रावधान छ ।

हरित ग्याँस उत्सर्जन कम गर्ने उपायप्रति सजग हुनुपर्छ । हरित ग्याँस उत्सर्जन गर्ने सबैभन्दा बढी डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनहरू हुन् । तर प्रभावकारी कार्यान्वयन नहुँदा वातावरण प्रभावित भइरहेको छ ।

दोस्रो पक्ष हो आम जनता, उसमा जिम्मेवारीबोध छैन भन्ने होइन । यद्यपि आआफ्नो भूमिका निर्वाह नगर्दा पर्यावरण दोहनसँगै पर्यावरणमा कुप्रभाव पार्ने कार्य बढ्दो छ । सामान्यतया बजार जाँदा घरबाट झोला लग्ने पुरानो प्रचलन हराइसकेको छ । आम मानसिकता अहिले प्लास्टिकको झोलामा आश्रित छ । यो केवल उदाहरण मात्र हो । नजीकमा काम पर्दा मोटरसाइकलको साटो साइकल प्रयोग गर्ने, वनजङ्गल बचाउने, रूखबिरुवा रोप्न अग्रसर हुनुपर्छ । यस्ता ससाना बानीमा सुधार ल्याएर पनि पर्यावरण संरक्षणप्रति ठोस योगदान गरेको ठहरिन्छ ।

**ललन द्विवेदी (प्राध्यापक, ठाराब)**

पालिकाभित्रका सार्वजनिक जग्गा, पोखरी, पर्ती, सडक, नहर आदिमा वृक्षारोपण गर्नुपर्दछ । पर्यावरणको दोहन रोक्ने कार्यमा सबैको तदारूकता आवश्यक छ । सरकारसँगै आम नागरिकले पनि आआफ्नो दायित्व निर्वाह गर्नुपर्छ । पालिकाहरूले पर्यावरणको नाममा लाखौं रकम खर्च गर्ने र हजारौंको सङ्ख्यामा रोपेका रूखबिरुवामध्ये एउटा पनि जीवित छैन । पर्यावरण संरक्षणको सवालमा केवल कागजी विकास छताछुल्ल छ ।

तीन दशकअघिसम्म गण्डक नहर हरियालीयुक्त थियो । हर्ताकर्ताहरूले रूख चोरी–कटानी गर्न थालेपछि सोको देखासिकी आम नागरिक पनि अघि सऱ्यो । आज पर्सादेखि रौतहटसम्मको नहर उजाड भइसकेको छ । वृक्षारोपण प्रचारबाजीको लागि नभई पर्यावरणमुखी हुनुपर्छ ।

**अनुप तिवारी (अध्यक्ष, पत्रकार महासङ्घ, पर्सा)**

पर्यावरणीय सुरक्षाको सवालमा सरकार मात्र होइन, समस्त नागरिकको महत्त्वपूर्ण भूमिका हुनुपर्छ । सामाजिक जागरूकताको सवालमा सञ्चारकर्मीहरूको कलम पर्यावरण संरक्षणप्रति लक्षित हुनुपर्छ । शिक्षा, स्वास्थ्य र खेलकूदजस्तै सञ्चारमाध्यममा पर्यावरण बिटमा पत्रकारिता आवश्यक छ । पर्यावरण दिवसको सार्थकता तब मात्र सिद्ध हुन्छ, जब यसप्रति सबैको भावना एकबद्ध हुन्छ ।

पर्यावरण जोगाउन वृक्षारोपण पहिलो र ठोस दायित्व हो । एक सयवटा बिरुवा रोप्दा ६० प्रतिशत बाँच्नुपर्छ भन्ने प्राविधिक मापदण्ड छ । पालिकाहरूले बर्सेनि बिरुवा रोप्ने तर हेरालुको व्यवस्था नगर्दा नष्ट भइरहेका छन् । रूखबिरुवा रोप्नु मात्रले दायित्व पूरा हुँदैन, त्यसलाई जोगाउन पनि सक्नुपर्छ ।

**भगवानदास तत्वा (सामाजिक अभियन्ता)**

पोखरिया नगरपालिका–६ श्रीसियाका भगवानदास तत्वाको बुझाइमा पर्यावरण दिवस पर्यावरणको सुरक्षाप्रति मानवीय सचेतना केन्द्रित हुनुपर्दछ भन्ने स्मरण गर्ने र गराउने दिन हो । यो कर्मकाण्डी प्रवृत्तिमा केन्द्रित हुनु दुर्भाग्यपूर्ण हो । हरेक पालिकाले प्रत्येक वर्ष कार्यक्रम गरेर लाखौं रकम खर्च गर्दछन् । यसमा रूखबिरुवा हुर्काउनेभन्दा बजेट स्वाहा पार्ने प्रवृत्ति छताछुल्ल छ । खर्चको अनुपातमा रूखबिरुवा रोपेको अपवादबाहेक पाउन मुश्किल छ ।

# घरेलु हिंसाको आरोपमा युवक पक्राउ

प्रस, सर्लाही, २१ जेठ/

सर्लाहीको विष्णु गाउँपालिका–७ दुलवाका १९ वर्षीय शिवकुमार यादवलाई घरेलु हिंसाको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

विवाहको प्रलोभनमा दलित समुदायकी युवतीमाथि अमानवीय व्यवहार गरेको आरोपमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिए । आफूमाथि शोषण भएको भन्दै किशोरी र उनका परिवारले प्रहरी कार्यालयमा जाहेरी दिएका थिए ।

किशोरीले अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणीसम्बन्धी किटानी जाहेरी दिएको र सोही आधारमा उनलाई पक्राउ गरिएको प्रउ राठौरले बताए ।

पक्राउ परेका यादवलाई अदालतबाट म्याद थप गरी कारबाई प्रक्रिया अघि बढाइएको छ । किशोरीको उद्धार गरी जिल्ला सदरमुकाममा रहेको एक सेफ हाउसमा राखिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनको गान्सुमा रेल दुर्घटना, ९ जनाको मृत्यु

लान्झाउ, २१ जेठ/सिन्हवा

उत्तरपश्चिम चीनको गान्सु प्रान्तमा शुक्रवार रेल दुर्घटना हुँदा नौजनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

चिनियाँ रेलवे लान्झाउ ब्युरोका अनुसार लान्झाउ–सिनजियाङ रेल्वेको जिन्चाङ खण्डमा शुक्रवार बिहान ५.२५ बजे रेल दुर्घटना भएको हो ।

प्रहरी र स्थानीय मानिसले रेल दुर्घटनाका मृतक एवं घाइतेहरूको उद्धार गरेका थिए ।

घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

### फ्रान्स-चीन ढुवानी रेल सेवा शुरू

यसैबीच, चीन र युरोपबीच फ्रेट (सामान ढुवानी)का लागि नयाँ रेल सेवा बुधवार शुरू भएको छ । यो सेवा शुरू भएसँगै चीनको उत्तरी प्रान्त साङ्सी र फ्रान्सबीच सोझो रेल सेवा सम्पर्क स्थापित भएको छ ।

पचासवटा कन्टेनर लोड गरिएको रेल मध्य साङ्सी प्रान्तबाट बुधवार फ्रान्सको राजधानी पेरिसका लागि प्रस्थान गरेको थियो । यो रेलले करीब ११ हजार किलोमिटरको दूरी तय गर्नेछ ।

यो रेल मङ्गोलिया, रूस, बेलारूस, पोल्यान्ड र जर्मनी हुँदै करीब २० दिनमा फ्रान्स पुग्नेछ, चिनियाँ रेलसेवाले जनाएको छ ।

शाङ्सी जिनाउ लजिस्टिकका व्यवस्थापक वाङ गोकिङले उक्त रेलमा फिटनेसका सामानका साथै ९० हजार डिस्पोजेबल स्टेराइल सिरिंज तथा अन्य सरसामान रहेको सञ्चारमाध्यमहरूलाई जानकारी दिएका छन् । रासस

# भारतमा कोरोनाबाट सङ्क्रमितको सङ्ख्या घट्दो

नयाँ दिल्ली, २१ जेठ/एएनआई

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्यामा कमी आउन थालेको छ ।

सरकारी अधिकारीहरूले शुक्रवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा अघिल्लो दिनभन्दा एक हजार ७९० जना कम सङ्क्रमित थपिएका छन् ।

भारतमा अघिल्लो दिन एक लाख ३४ हजार १५४ जना सङ्क्रमित थपिएकोमा भोलिपल्ट अर्थात् पछिल्लो २४ घण्टामा एक लाख ३२ हजार ३६४ जना नयाँ सङ्क्रमित थपिएका हुन् ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा अहिलेसम्म कुल दुई करोड ८४ लाख ४१ हजार ९८६ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको जनाएको छ ।

सक्रिय सङ्क्रमितको सङ्ख्यामा पनि अहिले कमी हुँदै गएको छ । अहिले भारतमा दुई लाखभन्दा कम मात्रै सक्रिय सङ्क्रमित रहेको जनाइएको छ ।

भारतमा कोरोना भाइरसको सङ्क्रमणका कारण हालसम्म तीन लाख ४० हजार ७०२ जनाको मृत्यु भएको छ । तीमध्ये दुई हजार ७१३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार भारतमा कुल ३५ करोड ७४ लाख नमूना परीक्षण गरिएको छ । बिहीवार एकै दिन २० लाख ७५ हजार नमूना परीक्षण गरिएको परिषद्को भनाइ छ ।

यसैबीच भारतको स्वास्थ्य मन्त्रालयले देशभर २२ करोड ४१ लाख डोज खोप लगाइएको जनाएको छ, जसमा एक डोज र दुई डोज लगाएका व्यक्ति सामेल छन् ।

### कोरोनाको तेस्रो लहरविरुद्ध अहिलेदेखि नै तयारी

नयाँ दिल्ली, २१ जेठ/पिटिआई

भारतको दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले कोरोना भाइरसको तेस्रो महामारीविरुद्ध तयारी शुरू गरेका छन् ।

उनले सरोकारवालाहरूसँग यसअघिझैं शुक्रवार पनि छलफल गर्न लागेको अधिकारीहरूले जनाएका छन् ।

तेस्रो चरणको महामारीका बेलामा हुन सक्ने सम्भावित क्षति र त्यसको न्यूनीकरण तथा नियन्त्रणका लागि गर्न सकिने उपायहरूका बारेमा उनले परामर्श लिन लागेका हुन् ।

दिल्ली सरकारले तेस्रो महामारीविरुद्ध लड्नका लागि तयारी गर्न गत मे २७ मा १३ सदस्यीय एउटा समितिसमेत गठन गरेको छ ।

उनीहरूले पनि विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गरेर सरकारलाई सुझाव दिने जानकारी दिएका छन् ।

स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक संरचना, अक्सिजन प्लान्ट, औषधिको पर्याप्ततालगायतका विषयमा ध्यान दिनुपर्नेमा अधिकांशको सुझाव रहेको पाइएको छ ।

मुख्यमन्त्री केजरीवालले अर्को ८ सदस्यीय विज्ञ टोली पनि बनाएका छन् । त्यसले तेस्रो चरणको महामारी व्यवस्थापनमा सुझाव सल्लाह दिने बताइएको छ । रासस

### भियतनामले सिनोफार्मको खोपलाई अनुमति दियो

हनोइ/सिन्हवा

भियतनामको स्वास्थ्य मन्त्रालयले चीनको औषधि निर्माता सिनोफार्म कम्पनीले निर्माण गरेको कोभिड–१९ को खोपलाई आपत्कालीन प्रयोगका लागि अनुमति दिएको छ । भियतनामका उपस्वास्थ्यमन्त्री ट्रुओङ क्वोक कुओङले सिनोफार्मको खोपलाई बिहीवार स्वीकृति दिएका थिए । भियतनामले यस अघि अस्ट्राजेनिका र स्पुतनिक भी खोपलाई अनुमति दिइसकेको छ ।


## कटहरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कटहरिया, रौतहट

### प्राविधिक प्रस्ताव स्वीकृत हुनेसम्बन्धी आशयको सूचना

प्रथमपटक प्रकाशित मिति : २०७८।०२।२२१/०२/१५

यस कार्यालयबाट मिति २०७८।०१।१३ मा प्रकाशित ठेक्का नं. NCB/02/KATMUN/2077/78 आधारभूत अस्पताल निर्माणसम्बन्धी बोलपत्र आह्वान गरिएकोमा उक्त ठेक्कामा सहभागी भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा देहायबमोजिमका बोलपत्रदाताहरू सफल भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| 1. | M/s Gadhimai Riya Construction | |
| 2. | M/s R.P- Muna J.V | |
| 3. | M/s Chandi - Dragon J/V | |

प्रमुख प्रशासकीय अधिकृत



## कटहरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कटहरिया, रौतहट

### प्राविधिक प्रस्ताव स्वीकृत हुनेसम्बन्धी आशयको सूचना

प्रथमपटक प्रकाशित मिति : २०७८।०२।२२१/०२/१५

यस कार्यालयबाट मिति २०७८।०१।०३ मा प्रकाशित ठेक्का नं. NCB/01/KATMUN/2077/78 आधारभूत अस्पताल निर्माणसम्बन्धी बोलपत्र आह्वान गरिएकोमा उक्त ठेक्कामा सहभागी भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा देहायबमोजिमका वोलपत्रदाताहरू सफल भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| 1. | BKOI Builders pvt.Ltd.Tangal kathmandu | |
| 2. | Dhulikhel -Axis Asian jv janakpur 2 Dhanusa | |
| 3. | Diwa-R.P. jv Gaur, Rautahat | |
| 4. | Himdung & Thokar/shah Nirman sewa jv. malangwa-10 sarlahi | |
| 5. | mahalaxmi - jaya Dhananjaya chaudhari jv. Balaju -16 kathamandu | |
| 6. | Bikash/ TDR joint venture Janakpur | |
| 7. | hanuman construction Hetauda -11 | |

प्रमुख प्रशासकीय अधिकृत


# जाति : अभिमान र बहिष्कार

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**योजनाबद्ध किसिमले वा निरन्तर संयोगले कुनै जातिमाथि दमन, अन्याय, अत्याचार, शोषण हुन्छ भने यस्तोबाट जोगिन जातीय सङ्गठनले सकारात्मक भूमिका खेल्न सक्छ र यस प्रकारको विभेदबारे तथ्य सार्वजनिक गरेर सहानुभूति बटुल्न सक्छ, समाजको आँखा खोलिदिन सक्छ ।**

जात वा जातिसम्बन्धी अहिले तीन किसिमको सामाजिक व्यवहार प्रचलनमा छन् : कट्टर, उदार र बहिष्कार ।

जातीय कट्टरता अत्यल्प छ, अर्थात् निकै थोरै मानिस छन् जो आफ्नो वा अरूको जातीय सीमालाई पूर्णतः परिपालन गर्दछन् । जतिले यसलाई अङ्गीकार गरिरहेका छन्, त्यसभन्दा केही बढीमा भने जातीय कट्टरता राम्रो हो भन्ने भावना छ तर व्यावहारिकता छैन ।

अधिकांश यस्ता छन् जो सीमित सन्दर्भमा जातिलाई मान्दछन्, जातीय धर्म निर्वाह गर्दछन् वा गर्न खोज्दछन् वा चाहन्छन् तर जातीय कट्टरताको विरोध गर्दछन् ।

अत्यल्प यस्ता मानिस पनि छन्, जो जातिको सीमालाई मान्दैनन् । जातिवाद मान्दै मान्दैनन् । जातिभन्दा माथि उठेर मानवलाई नै जाति मान्दछन् र त्यस अनुरूप व्यवहार गर्छन् ।

हजारौं वर्ष पहिले सिद्धार्थ गौतमलाई शिक्षा दिनेहरू ब्राह्मण नै थिए । उनका गुरुमध्ये एक थिए कौडिन्य । कौडिन्य ब्राह्मण थिए तर सिद्धार्थ बुद्ध हुनुभन्दा पहिलेदेखि नै जातिप्रति अविश्वास गर्दथे र जातिप्रथालाई मानवमा विभाजन ल्याउने आधार मान्दथे । बुद्धत्व प्राप्तिपश्चात् पनि उनले जातिभन्दा मानवतालाई उच्च ठाने ।

आज जाति धर्मसापेक्ष भएको छ । हरेक धर्मभित्र जातहरू छन्, जातीय समूहहरू छन् । जातीय कट्टरता छ ।

विश्वको तथ्याङ्कले के देखाउँछ भने केही प्रतिशत यस्ता पनि मानिस छन् जो कुनै पनि धार्मिक सम्प्रदाय मान्दैनन् । प्रचलित धर्मप्रति विश्वास गर्नेहरू आस्तिक कहलाउँछन् । आस्तिक नहुनेहरू नास्तिक कहलाउँछन् । आस्तिकता यदि धर्म हो भने नास्तिकहरू पनि विश्वमा करोडौंको सङ्ख्यामा छन् । उसो भए नास्तिकहरूको पनि एउटा जाति भयो त ? वा कालान्तरमा नास्तिकभित्र पनि देवतारहित, ईश्वररहित, धार्मिक आस्थारहित जातीयता, जातीय संस्कार, जातीय गर्व र जातीय पहिचान स्थापित होला ? कहाँबाट यस प्रकारको जातिको शुरूआत भयो भन्ने सोधीखोजीले तिनलाई फेरि ईश्वरीय अंश स्वीकार गरिएला ? वा आस्थाविहीन, धार्मिकताविहीन, पूजाविहीन र आडम्बरविहीन देवताको रूपमा वा महामानवको रूपमा वा दार्शनिकको रूपमा मानव मनमा आस्था प्रकट गर्न खोजिएला ? विश्वास स्थापित गर्न खोजिएला ?

जसरी अन्धविश्वास पनि विश्वास हो, त्यसरी अविश्वास पनि विश्वास हो र यो पनि अन्धविश्वास हो । कारण नै नबुझ्री विश्वास गर्नु नै अन्धविश्वास हो । यसै अर्थमा परम्परागत विश्वासहरूमा निरक्षर क्षय भइरहेको छ । क्षय किन भइरहेको छ भन्ने बोध पनि छैन । किन विश्वास छ भन्ने बोध पनि छैन । सयौंलाई एउटा प्रश्न गरें : अनिवार्य पूजा गरिने ग्राम देवता ब्रह्म बाबा को हुन् ?

उत्तर पाउन सकिएको छैन । प्रश्नमाथि अविश्वास होइन, उत्तरमाथि अविश्वास होइन । प्रश्न पनि जायज, उत्तर पाच्य हुनुपर्ने हो तर उत्तरको खोजी हुँदैन । प्रश्नमा नाजवाफ भइदिएपछि प्रश्नको औचित्य समाप्त ।

जातिको आधार के हो ? जातिप्रति कट्टरता वा जाति बहिष्कारको आधार के हो ? किन गर्ने समर्थन वा विरोध ? समर्थन परम्परा भएजस्तै बहिष्कार पनि परम्परा ? कि वर्तमान बहिष्करण कालान्तरमा अन्यत्र समर्थनको सङ्क्रमण युग बन्ने आधार हो ?

मलाई लाग्दछ : कट्टरताको लागि, तटस्थताको लागि तथा बहिष्कारको लागि सबै शर्तमा अध्ययन आवश्यक छ । सबैको आधारस्तम्भ अध्ययन हुन सक्छ ।

अझ दक्षिण एशियाका विभिन्न धर्ममा जातीय कट्टरता र अन्धविश्वास अलिक बढी रहेको मानिन्छ । दक्षिण एशियाका प्राचीन जाति कुन कुन हुन् र कहाँबाट कसरी आए भन्ने विषयमा निकै धेरै विवाद रहेको पाइन्छ र यतातिर सोच्ने धेरै फुर्सद पनि छैन अहिलेको युगलाई ।

सामान्य मान्यतामा हिन्दू धर्मको आदिग्रन्थ मानिएको ऋग्वेदमा पनि जातिबारे उल्लेख रहेको कतिपयले तर्क गरेका छन् । यद्यपि वेदमा जातिको विषयमा थोरबहुत सङ्केत पाइन्छ । तर जातीय कट्टरताको क्षेत्रमा सबैभन्दा बढी योगदान मनुस्मृतिको रहेको मानिन्छ । अत्यन्त प्रसिद्ध गीतामा पनि जातिको उल्लेख पाइन्छ । यसैगरी सर्वाधिक प्रख्यात रामायण महाकाव्यमा पनि जातिबारे पर्याप्त चर्चा छ ।

जातिको जस्तो सानो वा ठूलो समूह भूगोल अनुसार झन्डै सबै धर्ममा रहेको देखिन्छ । सबै धर्ममा जातिको आधार तिनको प्रमुख धार्मिक ग्रन्थ हो कि होइन भन्ने कुरा भनिहाल्न सजिलो छैन तर व्यवहारमा जातिको अस्तित्व झन्डै सबै धर्ममा रहेको देखिन्छ ।

यद्यपि आफूलाई राम्रो, असल र उच्च भन्न पाउने अधिकार सबैलाई हुनुपर्छ तर कतिपय धार्मिक ग्रन्थले कतिपय जातिलाई उच्च र कतिपय जातिलाई नीच भनेर रेखा नै कोरेको देखिन्छ । आफ्नो समयमा आफूलाई ठूलो देखाउन र आफ्ना सन्तानलाई ठूलो देखाइराख्न, विरोधी वा मन नपर्नेलाई तल देखाएर होच्याउन वा तिनका सन्तानलाई होच्याइराख्न जातिप्रथाको कल्पना गरिएको भन्ने आरोप पनि रहेको छ । जातिप्रथाको आडमा कोही बसेर खान वा कसैलाई दलाइराख्न सजिलो बनाउन केही टाठाबाठाको बुद्धिको उपज हो भन्ने आरोप नलागेको होइन । यद्यपि मलाई के लाग्दछ भने जातिप्रथाको कट्टर समर्थन गर्ने, जातिप्रथाप्रति तटस्थ भाव राख्ने र जातिप्रथालाई मान्दै नमान्ने तीनैथरीले जातिप्रथाबारे लेखिएका ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ किनभने अध्ययनले नै आफ्नो मत पुष्टि गर्ने थप आधार प्राप्त हुन सक्दछ ।

झन्डै सबै धर्मका झन्डै हरेक जातिका केही मानिसमा आफ्नो जातिप्रति गर्व गर्ने प्रवृत्ति पाइन्छ । यसलाई जातीय स्वाभिमान भन्न सकिन्छ । तर जब यही कुरो प्रदर्शनमुखी बन्दछ तब यो जातीय अभिमानको द्योतक बन्दछ । जातीय अभिमानको प्रदर्शन पनि नभएको होइन । अहिलेको समयमा त बाहिर देखाउनको लागि आफ्नो जातिको लागि जे पनि गर्ने चलनको विस्तार भइरहेको छ । आफ्नो जातिको पक्ष लिने र अन्तमा प्रतिभाको कदर गरेको भन्ने तर्क दिन थालिएको छ ।

अनेक जातीय सङ्गठनहरू खुलेका छन् । जातिको आधारमा सङ्गठनहरू खुल्दा निस्सन्देह मानवताभन्दा जातिलाई माथि राखेर हेर्ने चलनको विकास हुने आशङ्का पनि बढ्न सक्छ । यद्यपि योजनाबद्ध किसिमले वा निरन्तर संयोगले कुनै जातिमाथि दमन, अन्याय, अत्याचार, शोषण हुन्छ भने यस्तोबाट जोगिन जातीय सङ्गठनले सकारात्मक भूमिका खेल्न सक्छ र यस प्रकारको विभेदबारे तथ्य सार्वजनिक गरेर सहानुभूति बटुल्न सक्छ, समाजको आँखा खोलिदिन सक्छ । यद्यपि जातिप्रथाप्रति तटस्थ भाव राख्नेहरूले के भन्ने गरेका छन् भने सम्पूर्ण कुरा जाति निर्देशित हो र जुनसुकै अवस्थामा पनि जातीय अभिमानमा ठेस लाग्न दिन चाहँदैनन् ।

अनि जातिलाई मान्दै नमान्नेहरू अहिलेको सामाजिक संरचनामा पूर्ण स्वतन्त्र हुन सकेका छैनन् किनभने जातीय बन्धन यत्र, तत्र र सर्वत्र छ । यसको मूलमा यो पनि छ कि जातीय समाजबाट दीक्षित भने अवश्य छन् र विभिन्न जातका विभिन्न पर्व वा उत्सवहरू हुँदा तिनको रमाइलोमा हेलिनबाट आफूलाई स्वतन्त्र राख्न सक्दैनन् वा सबै जातिका पर्वोत्सवहरूप्रति समान सम्मानभाव प्रदर्शन गर्न सक्दैनन् । यो पनि भन्न सकिन्छ कि जुनसुकै जातिको फाइदा लिन चाहन्छन् । यसको प्रत्यक्ष भाव बिदाको अवसरमा देख्न सकिन्छ । यसै सन्दर्भमा यो भनिएको हुन सक्छ कि जातिलाई मान्दिनँ भन्नेहरू सबैभन्दा ढोंगी यस अर्थमा छन् कि सबै जातिको सुविधा उपभोग गर्दछन् र कुनै पनि जातिमा छुइनँ भनेर अभिमान गर्दछन् । कुनै पनि जातीय सुविधा बहिष्कार गर्दैनन् वा यो घोषणा गर्दैनन् कि कुनै पनि जातीय पर्वको औपचारिक बिदामा म कार्यालय पुगेर आफ्नो नियमित काम गर्छु, मलाई सम्भव भएसम्म सहयोग गर्नुहोला ।

जातिप्रथा कमजोर हुनुपर्छ । यो एकातिर कमजोर हुने र अर्कोतिर कोरोनाको नयाँ भेरिएन्टजस्तो नयाँ स्वरूपमा देखिने गरेको छ । केहीले जातीय आगो ओकल्ने तर जातिको विषयमा खासै केही नजान्ने भएर पनि कट्टरता बढेको हो । जातीय अहङ्कार, जातीय अभिमान र जातिवादी कट्टरताले अहिलेको समाजलाई उँभो लाग्ने दिसामा तरागो लगाउने विश्वास गर्न थालिएको छ । यसर्थ कि जातिको उत्पत्ति र विकासबारे गहन अध्ययन गरेर जातीय कट्टरता प्रदर्शन गरौं कि कर्मले पहिचान स्थापित गर्ने सबै धर्मको सारलाई ग्रहण गरौं । कठोर अभिमान र बहिष्कार दुवैमा समान गन्ध पाइन्छ र सम्भवतः दुवै हानिकारक हुन् ।

# चोरीको मोटरसहित पासवान पक्राउ



प्रस, वीरगंज, २१ जेठ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले चोरीको पानी तान्ने मोटरसहित एकजनालाई पक्राउ गरेको छ ।

जेठ १३ गते ना.२च ४३७३ नम्बरको पिकअप गाडीबाट ८ थान मोटर चोरी गरेको आरोपमा प्रहरीले गौर नगरपालिका–१ बस्ने २६ वर्षीय दीपेन्द्र पासवानलाई पक्राउ गरेको छ ।

प्रहरीले चोरी भएका ७ थान मोटर खेतबाट जेठ १६ गते बरामद गरेको थियो भने १८ गते पासवानले साइकलमा एउटा मोटर राखेर लगिरहेको देखेपछि पासवानलाई पक्राउ गरेको हो । सोधपूछको क्रममा उक्त मोटर आफूले खेतमा लुकाएको बताएका थिए । पक्राउ परेका पासवानलाई रौतहट जिल्ला अदालतबाट ८ दिने म्याद थमाइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

